# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि
## MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD

Central office: Bidur-4 , Battar, Nuwakot. Ph: 010-561746,
Website: www.meromicrofinance.com, Email: corporate@meromicrofinance.com


# Quarterly Financial Statement (Unaudited)

## At the quarter ended Chaitra, 2078

(Rs. in '000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **17,132,014.52** | **17,116,804.34** | **14,566,026.04** |
| 1.1 | Paid-up Capital | 1,200,000.00 | 1,200,000.00 | 1,000,000.00 |
| 1.2 | Reserves and Surplus | 724,912.52 | 649,028.02 | 480,169.75 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 10,997,614.39 | 11,353,246.11 | 9,982,903.09 |
| 1.5 | Deposits (a+b) | 3,174,394.53 | 2,959,070.27 | 2,399,071.44 |
| | a. Domestic Currency | 3,174,394.53 | 2,959,070.27 | 2,399,071.44 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 146,389.15 | 114,240.88 | 127,075.43 |
| 1.7 | Other Liabilities | 888,703.93 | 841,219.06 | 576,806.33 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **17,132,014.52** | **17,116,804.34** | **14,566,026.04** |
| 2.1 | Cash & Bank Balance | 133,610.10 | 149,571.61 | 214,383.53 |
| 2.2 | Money at call and short Notice | 52,355.17 | 122,133.21 | 232,826.84 |
| 2.3 | Investments | 50,593.96 | 2,000.00 | 638,600.00 |
| 2.4 | Loans & Advances | 16,242,312.72 | 16,270,453.78 | 12,990,533.02 |
| 2.5 | Fixed Assets | 126,349.40 | 122,241.71 | 95,344.68 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 526,793.17 | 450,404.02 | 394,337.96 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 1,649,530.75 | 1,065,744.68 | 931,901.77 |
| 3.2 | Interest Expense | 840,378.95 | 494,697.52 | 360,463.18 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **809,151.80** | **571,047.15** | **571,438.59** |
| 3.3 | Fees Commission and Discount | 400.43 | 265.13 | 429.57 |
| 3.4 | Other Operating Income | 169,556.01 | 128,897.78 | 200,943.88 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **979,108.24** | **700,210.06** | **772,812.04** |
| 3.6 | Staff Expenses | 297,568.38 | 212,530.27 | 204,551.28 |
| 3.7 | Other Operating Expenses | 128,221.19 | 61,202.68 | 72,251.60 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **553,318.68** | **426,477.11** | **496,009.16** |
| 3.8 | Provision for Possible Loss | 12,283.82 | 4,205.28 | 29,206.98 |
| **D** | **Operating profit (C-3.8)** | **541,034.85** | **422,271.83** | **466,802.19** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 1,147.18 | 842.55 | 3,847.56 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **542,182.03** | **423,114.39** | **470,649.74** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **542,182.03** | **423,114.39** | **470,649.74** |
| 3.12 | Provision For Staff Bonus | 54,218.20 | 42,311.44 | 47,064.97 |
| 3.13 | Provision For Tax | 146,389.15 | 114,240.88 | 127,075.43 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **341,574.68** | **266,562.07** | **296,509.34** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 11.50% | 11.07% | 10.36% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.88% | 3.55% | 1.70% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 23.60% | 24.31% | 45.17% |
| 4.4 | Cost of Funds | 10.61% | 8.34% | 5.07% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 511.67% | 549.85% | 541.48% |

Note: If the statutory audit and supervisory authority notify and remarks to change, unaudited financial statement will be changed accordingly.

| Interest Rate | | |
|---|---|---|
| 1 | Deposit | 4%-13.69% |
| 2 | Loan & Advance | 9%-15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)
## आ. व. २०७८/७९ को तेस्रो त्रैमासिक अवधीको विवरण

**१. वित्तीय विवरण :**

(क) यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.को तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. ३७.९५/– | रु. २५.९०/– | रु. १६०.४१/– | रु. १,४२७.६७/– | १.२२ प्रतिशत |

**२. व्यवस्थापकिय विश्लेषण :**

(क) लक्ष्य अनुरुप सदस्य संख्या तथा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्तको बजार औषत भित्रनै कायम गरी ग्राहक सदस्यहरु आकर्षित गर्न सक्नु यस वित्तीय संस्थाको मुख्य सवल पक्ष रहेका छन् ।

(ख) राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ६४ जिल्लमा १४९ वटा शाखा कार्यालय मार्फत १६२,८२६ विपन्न घरपरिवारहरुमा लघुवित्तीय सेवा प्रदान गरिरहेको छ । नेपालको विभिन्न ८ वटा वाणिज्य तथा १ वटा विकास बैंकको संयुक्त प्रवर्द्धनमा स्थापित यस वित्तीय संस्थाले नवीनतम प्रविधिहरुको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी उत्तरदायी लघुवित्तीय सेवा उपलब्ध गराउँदै आएको छ । ग्राहकहरुको समय सापेक्ष चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ । आगामी दिनमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा बिस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको बिस्तार गर्ने लक्ष्य रहेको छ ।

(ग) बर्तमान अवस्थामा, बैंकहरुले कर्जामा लिने ब्याजदरको उतार-चढाव, कोरोना भाईरस र यसको त्रासको प्रभाव, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थालाई असर पर्न सक्छ । तथापि संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन ।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरण :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रू. १,३४०.२०/– | रू. ९४०/– | रू. ९८३/– | ५८ दिन | ४,४१,६४६ कित्ता |

**५. समस्या र चुनौती :**

विगत देखी विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण कर्जा लगानी तथा असूली, आम्दानी र संस्थाको अन्य सामाजिक गतिविधिहरुमा केही असर परेको देखिन्छ । साथै यस वित्तीय संस्थाको कारोबार सदस्यहरुको बढ्दो दोहोरोपनालाई वित्तीय संस्थाले समस्या तथा चुनौतिको रुपमा लिएको छ । वित्तीय संस्थामा रहेको दक्ष जनशक्ति तथा यसको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक योजना तथा रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाईएको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवं सोको अनुभूती गराउन संस्था सदैव क्रियाशील छ ।

(क) यस वित्तीय संस्थाको सञ्चालक समिति तथा व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्धन गर्न सदैव प्रतिवद्ध रहेको छ । कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा बिद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रबन्धपत्र, नियमावली, विभिन्न विनियमावली, कार्यविधि, नीति तथा निर्देशिकाहरु तयार गरी लागू गरिएको छ ।

(ख) संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती सुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु र जोखिम व्यवस्थापन विभाग, आन्तरिक लेखा परिक्षण विभाग जस्ता स्थायी संरचनाको माध्यमबाट संस्था भित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित हुने र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।